# नेपालगञ्ज उपमहानगरपालिकाको

# आ.ब. २०७२/०७३ को

# सामाजिक परीक्षण कार्यक्रम

**प्रतिबेदन–पत्र**

## १. पृष्ठभुमि :

### १.१. सहजिकरण गर्ने संस्थाको परिचय :-

बागेश्वरी असल शासन क्लब (बास) बिगत १६ बर्ष देखि भ्रष्टाचार बिरुद्ध क्रियाशिल छ । यसले समाज परिबर्तनका लागि बिभिन्न क्रियाकलापहरु संचालन गर्दै आएकोछ । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहदै आएको छ । ६२ जिल्ला शाखा, १०० उपशाखा, २० ईकाई र ४२०० युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ । यो भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी सँस्था टी.आई. नेपालसँग आवद्ध सँस्था हो ।

### १.२. सामाजिक परीक्षण के हो ? :-

सामाजिक बिकास निर्माणको क्षेत्रमा काम गर्ने संस्थाहरु सरोकारवालाहरुप्रति जवाफदेही र पारदर्शी हुनु पर्दछ भन्ने माग बढ्दै गएकोछ । यसै कुरालाई ध्यानमा राखि बिकास आयोजनाहरु सही तरिकाबाट कार्यन्वयन भईरहेका छन् वा छैनन् ? भनेर अनुगमन गर्ने भरपर्दो बिधि सार्वजनिक लेखापरिक्षण (Social Audit) हो । बिकासे संस्थाहरुले सन् १९९० पछि यसलाई उपयोग गर्दै आएका छन् । यसले योजनातर्जुमा, कार्यान्वयन, बजेट बांडफांड लगाएतका बिषयमा छलफल गर्ने उचित अबसर दिन्छ । यो सामाजिक रुपमा लेखाजोखा गर्ने कार्यक्रम हो । सामाजिक बिकासको क्षत्रेमा काम गर्ने सरकारी निकाए तथा गैर सरकारी निकाएले सालेप गर्नु पर्ने प्राबधान भएतापनि कार्यन्वयन हुन सकिरहेको छैन । सार्बजनिक दायित्व निर्बाह गर्नँ पर्ने व्यक्ति वा निकायले काम गर्दा अपनाउने प्रकृया, कार्यक्रमको श्रोत परिचालनको नियमितता, कामको प्रभाबकारिता, सान्दर्भिकता तथा कार्यदक्षताका बारेमा सरोकारवाला समक्ष पारदर्शी र जवाफदेही ढँगबाट प्रस्तुत हुने कार्य सालेप हो । सेवाप्रदायक र सरोकारवाला एउटै थलोमा बसेर लेखाजोखा, समिक्षा तथा बिश्लेषण गर्नु सामाजिक लेखा परिक्षण हो ।

### १.३. सा.प. किन ? :–

- सार्वजनिक निकायले संचालन गर्ने गतिबिधिका बारेमा सरोकारवालालाई जानकारी दिने संस्कारको बिकास गर्न ।
- कार्यक्रम संचालन गर्दा हुने अनियमिततालाई रोक्न ।
- सरोकारवालाप्रति जवाफदेही र पारदर्शी बनाउन ।
- निर्णय, कार्यन्वयन प्रकृया र आर्थिक प्रशासनमा पारदर्शीताको बिकास गर्न ।
- अनुगमन, मुल्याँकन र समिक्षा गर्ने परिपाटीको बिकास गर्न ।
- श्रोतसाधनको सही ढँगले परिचालन गर्न, गराउन ।
- समुदायको सहभागिता अभिबृद्धि गर्न ।
- अनाबश्यक खर्च नियन्त्रण गरि स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न ।
- अउत्पन्न हुन सक्ने अन्तरद्वन्द कम गर्न ।
- थप नोक्सानी हुनबाट रोक्न ।

### १.४. सा.प.को गन्तब्य : –

| |
|---|
| सरलताबाट जटिलतातर्फ |
| शुन्यताबाट कोलाहलतर्फ |
| अन्यौलताबाट स्पष्टतातर्फ |
| भुत र बर्तमान हुँदै भबिष्यतर्फ |
| सांघुरोबाट फराककिलोतर्फ |
| असहभागिताबाट सहभागितातर्फ |
| डरपोखबाट निडरतातर्फ |
| नकारात्मकबाट सकारात्मकतर्फ |
| काल्पनिकताबाट बस्तुपरकतातर्फ |
| एकांकी सोचाईबाट बहुआयामिकतर्फ |
| गैरजिम्मेवारीबाट जिम्मेवारी बहनतर्फ |
| अनिश्चितताबाट निश्चिततातर्फ |
| असहमतिबाट सहमतितर्फ, र |
| अनिर्णयबाट निर्णयतर्फ |

### *१.५. कार्यक्रमको पृष्ठभूमि* :–

स्थानीय सरकार भनेको गाँउ बिकास समिति, नगरपालिका, जिल्ला बिकास समिति लाई बुझिन्छ । राजनितिक तरलता र संक्रमणका कारण हाल सम्म स्थानीय निकायको निर्वाचन हुन सकिरहेको छैन । जनताका अपेक्षा धेरै छन्, राज्यले सम्बोधन गर्न सकिरहेको छैन । स्थानीय निकायले एक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु

पर्ने प्रावधान सरकारले अगाडि सारेको छ । नेपाल सरकारले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरुले एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि, २०६७ समेत तर्जुमा गरेको छ । जसको प्रमुख उद्धेश्य भनेको स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्ग दर्शन गर्नु नै हो ।

स्थानीय निकायको सामाजिक परीक्षण गर्दा योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गरिन्छ । जसले गर्दा सो निकायको पारदर्शिता झल्कनुका साथै कामको प्रभाव समेत बढ्दै जान्छ । यति मात्र नभएर कार्यक्रमको दिगोपना, जनताको भलाई र स्थानीय निकायको सबलिकरणका लागि पनि सामाजिक परिक्षण गर्न आवश्यक छ । सो कार्यक्रममा स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गर्न प्रोत्साहन दिईन्छ भने समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न र लक्षित वर्गलाई ध्यान दिई सेवा प्रवाह गर्न दायीत्वबोध गराउँछ । यहि प्रक्रियालाई मनन् गर्दै नेपालगञ्ज उपमहानगरपालिका बाँकेको आ.ब. २०७२/२०७३ को **सामाजिक परीक्षण** सम्पन्न गरिएको छ ।

**१.६. नेपालगञ्ज उपमहानगरपालिकाको परिचय :**

**१. स्थानीय निकायको परिचय :**

**१.६. नेपालगञ्ज उपमहानगरपालिकाको परिचय :**




मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बाँके जिल्लामा अवस्थित महेन्द्र राजमार्गको पश्चिमको खण्डमा रहेको यस नेपालगञ्ज शहरलाई नेपालको पश्चिम द्वारको रुपमा चिनिन्छ । मध्यपश्चिमको व्यापारिक तथा औद्योगिक गतिविधिहरुको प्रमुख स्थल यस शहरलाई नैं मानिन्छ । २०१७ सालमा स्थापित नेपालगञ्ज नगरपालिका २०७१ मंसिर १६ गते देखि उपमहानगरपालिकामा रुपान्तरण भएको छ । २७ वडा रहेको यस उपमहानगरपालिकाको क्षेत्रफल ८९ बर्ग किलोमिटर रहेको छ । नगरको व्यापारिक क्रियाकलाप प्राय अधिकांश वडाहरुमा रहेको पाईन्छ । नगरको पुरानो शहरी क्षेत्र भनेको वडा नं ३, ४, ८, ९, १०, ११, १४ नै हुन् । यस नगरलाई नेपालको पुरानो नगर मध्ये एक मानिन्छ । राष्ट्रिय शहरी निति वि.स. २०५६ ले मध्यपश्चिमको आर्थिक विकास केन्द्रको भुमिका यस उपमहानगरपालिकाले खेलेको उल्लेख छ । नेपालगंज उपमहानगरपालिका मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चल अन्तरगत बाँके जिल्लामा पर्दछ । यो शहर काठमाण्डौबाट करीब ७०० कि. मि. को दुरीमा रहेको छ । समुन्द्री सतहबाट १६५ मि.को उचाईमा शहर अवस्थित छ । यस उपमहानगरपालिकाको भूभाग प्राय सबै समतल रहेको छ । नेपालगंज उपमहानगरपालिकामा नदी कटान समस्या देखिदैन तर यस क्षेत्रका प्राय सबै वडाहरु डुबानमा पर्दछन् । ढल निकासको अवरुद्धता नै यस क्षेत्रको डुबान समस्या हो । नगरमा रानीतलाउ, महेन्द्रपार्क, वाटरपार्क, वागेश्वरी मन्दिर, हडियाँवावा, भवानियाँपुरको महेन्द्रनगर, नेपालगञ्ज बिमानस्थल आदि पर्यटकिय स्थलहरु छन् तर उचित संरक्षण तथा सम्बर्द्धनको अभाब छ । नेपालगञ्ज उपमहानगरपालिकाको जनसंख्या १ लाख ४१ हजार ७ सय रहेको छ, जसमा पुरुष ७२ हजार ३ सय ७६, महिला ६९ हजार ३ सय् २४ रहेका छन् । यहाँको घरधुरी संख्या २७ हजार ६ सय २८ रहेका छन् । जनघनत्व १५९२.९३ रहेको छ भने जनसंख्या बृद्धिदर २.७ प्रतिशत छ । शहरी सेवा तथा सुविधाले गर्दा वाहिरवाट वसाई सराईमा आउनेहरुको संख्या दिनहुँ वढी रहेको पाईन्छ । नगरमा बसोबास मिश्रित किसिमको पाईन्छ ।

**१.७. उपमहानगरपालिकाको प्राथमिकता र लक्ष्य :–**

सहभागीता मुलक कार्य प्रणालीको माध्यमबाट लैंगिक समता तथा शुसासन कायम गरेर नगरको दिगो विकास गर्ने ।

**१.८. उपमहानगरपालिकाका उद्धेश्यहरु :–**

- लक्षित बर्गको उत्थान गर्ने ।
- स्वास्थ्य स्थितीमा सुधार गर्ने ।
- शैक्षिक गुणस्तरमा सूधार गर्ने ।
- सहकार्य अभिबृद्धि गर्ने ।
- भौतीक पूर्वाधारको विकास, विस्तार र सुधार गर्ने ।
- स्थानीय सरकारी तथा गैससहरुको कार्य क्षमतामा अभिबृद्धि भई सस्थागत विकास गर्ने ।
- स्थानीय निकायमा प्रभावकारी सुचना प्रवाह गर्ने ।

- स्वच्छ वातावरण कायम गर्ने ।
- सडक विस्तार तथा सरसफाईका लागि अभियान चलाउने ।
- बाल श्रम न्यूनिकरणका लागि अभियान सञ्चालन गर्ने ।
- बालमैत्री उपमहानगरपालिका बनाउन पहल गर्ने ।
- नागरिकहरुका गुनासो सुनुवाई गर्ने ।

## <u>१.९. गत बर्षका उपलब्धिहरु :–</u>

- सामाजिक परिचालनद्धारा समुह गठन र परिचालन ।
- उद्यम विकास गतिविधि संचालनमा सिप र ऋण उपलब्ध ।
- उत्पादनमुलक भौतीक पूर्वाधारको विकास ।
- नियमित रुपमा प्रकाशन तथा वितरण र तालिम संचालन ।
- गैससहरुको नियमित अनुगमन र पृष्ठपोसण ।
- स्थानीय विकास कोषको दिगो व्यवस्थापन ।
- वडाहरुको क्षमता अभिबृद्धि र संस्थागत विकास ।
- स्थानीय स्तरमा यातायातको उपलब्धता र गुणस्तरमा बृद्धि ।
- गरिब, दलीत तथा जेहन्दार वालवालकीकाहरुलाई लक्षीत गरी शिक्षा क्षेत्रमा सहयोग, एल.जि.सी.डि.पी. कार्यक्रम अन्तरगत भौतीक निर्माण तथा सामाजिक परिचालन कार्यक्रम ।
- गरिवी निवारण कार्यक्रम संचालन गरि सामाजिक परिचालनको माध्यमबाट गरिब तथा पिछडीएका बर्गाको विकास तथा सुदृढिकरण ।

## <u>१.१०. यस आ.ब.मा भएका मुख्य गतिबिधिहरु र गतिबिधिहरुको सामाजिक लेखाजोखा</u> :–

- **सुशासन तथा पारदर्शीता**
- नीतिगत प्राबधान बमोजिम बासको सहजिकरणमा नगरपालिकाले यस आ.ब.मा ३ पटक (हरेक चौमासिकमा एक पटक) **सार्वजनिक सुनुवाई** सम्पन्न, सुनुवाईमा व्यक्त प्रतिबद्धताहरु पूरा भए, नभएको बारे समिक्षा गरिएको ।
- **सार्वजनिक परिक्षण** प्राबधान बमोजिम उपभोक्ता समितिद्धारा गरिएको सार्वजनिक परीक्षण बिधि सम्मत नभई कागजि रुपमा मात्र भएको ।
- सामाजिक परीक्षण पहिलो चौमासिकमा सम्पन्न भएको ।




- **अनलाईनबाट गुनासो सुन्ने व्यवस्था**
- गुनासो सुनुवाई गर्न कार्यालयले अनलाइन गुनासो टिपाउने व्यवस्था गरेतापनि प्रयोग कम भएको छ ।
- गुनासो ब्यबस्थापनलाई परिणाममुखी र प्रभाबकारी बनाउन हेलो नेपालगंज उपमहानगरपालिका Hello Nepalgunj Sub-Metropolitan Face book पेज संचालनमा ल्याएको ।
- <u>https://www</u>. Facebook.com/hellonepalgunj




- **फोनबाट समेत गुनासो सुन्ने व्यवस्था मिलाईएको छ ।**








- बासको सहजिकरणमा जनगुनासो निवारक संयन्त्र नेपालगञ्ज उपमहानगरपालिकाले २०१२ मा लागु गरि नगरपालिकाद्धारा गुनासो सुन्ने स्थान, गुनासो सुन्ने अधिकारी, गुनासो दर्ता तथा अभिलेखिकरणका लागि कर्मचारी तोकिनुका साथै गनासो व्यवस्थापनको कार्यलाई अझ प्रभावकारी तुल्याउन टेलिफोन र_मोवाईल नम्वर सार्वजनिक गरि एसएमएसको_माध्यम वाट पनि गुनासो अभिलेखिकरण गर्ने व्यवस्था गरियता पनि उक्त कार्यलाई निरन्तरता दिन नसकेको अवस्था देखिएको छ ।



नेपालगञ्ज नगरपालिका कार्यालय
नेपालगञ्ज,बाँके

फोन: ०८१५-२०१५१
०८१५-२०३३८
०८१५-२२०१६
फ्याक्स:०८१-५२०३१६

प.सं.२०६८/०६९

मिति २०६९।०१।१७

च.नं.५१९८


*विषयः गुनासो व्यवस्थापन वारे ।*

श्री बागेश्वरी असल शासन,
नेपालगंज, बांके ।

उपरोक्त सम्बन्धमा तहां कार्यलयको गुनासो व्यवस्थापन सम्बन्धको पत्र व्यहोरा अवगत भयो । यस नगरपालिकाको नगरबासीहरु संग भएको गुनासोहरु समाधानको लागी तपसिल अनुसारको व्यवस्था गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

**तपसिल**
१.गुनासो सुन्ने अधिकारीको नाम : मोहन हमाल
२.गुनासो दर्ता गर्ने कार्मचारीको नाम : उषा राणा,धन पाण्डे
३.गुनासो दर्ता गर्ने माध्यम : स्वमं आफै उपस्थित भै वा मो.९८५८०२३२३६ फोन तथा SMS बाट पनि दर्ता गर्न सकिने छ ।

(लोक बहादुर सुनार)
कार्यकारी अधिकृत



कृपया प्रत्नोत्तर दिंदा प्राप्त प. सं. र च. नं. र मिति उल्लेख गरी पठाउनु होला ।

नेपालगंज नगरपालिका कार्यालय
(............................ शाखा)
नेपालगञ्ज, बाँके

फ्याक्स : ०८१-५२०३१६
: ०८१-५२०१५१
☎ : ०८१-५२०३३८
: ०८१-५२२०१६

प.सं. :०६८/०६९

मिति : २०६९।१।२०

च.नं. :५२६८

विषय :- **मोबाईल नं. उपलब्ध गराईएको बारे ।**

श्री बागेश्वरी असल शासन क्लव (बास),
नेपालगंज ।

प्रस्तुत बिषयमा यस नगगरपालिकाले तहांको अनुरोध र सहकार्यमा जनगुनासो सुन्ने कार्यमा सहजता ल्याउने प्रयोजनका लागि मोबार्यल नं. ९८५८०२३२३६ उपलब्ध गराऊने जानकारी दिईएकोमा बिशेष कारणबश उक्त नं. को सट्टा मो.नं. ९८४८०७०७०२ प्रयोग हुने व्यवस्थाका लागि अनुरोध छ । सहयोगको लागि धन्यवाद !

(लोक बहादुर सुनार)
कार्यकारी अधिकृत

- कर्मचारीहरुको नियमितताका लागि गरिएको प्रयास
- बयोम्याट्रिक हाजिरी कर्मचारीहरुको नियमितताका लागि गरिएको प्रयास हाल प्रयोग विहिन छ ।



- **पेश्की सुन्य वनाउने अभियान सञ्चालन ।**

**१. २०७१/०७२ को पेश्की : २,१५,७०,८०७८७**

**२. ०७१/०७२ मा गत पे.फ. : १,०४,६६,०८८।००**

**३. गत बर्षको पेश्की बांकी : १,११,०४,७१९।८७**

**४. २०७१/०७२ को पेश्की : ८,१७,४८२।००**

**५. २०७१/०७२ को कूल पेश्की बांकी : १,१९,२२,२०१।८७**

**६. २०७२/०७३ को पेश्की : १,६२,१४,४५०**

**७. २०७२/०७३ को पेश्की फर्छ्यौट: ८,४२,४८२**

- निरिक्षण शाखामा लिखित उजुरी आ.व २०७१/२०७२ मा १५६ वटा, २०७२/२०७३ मा ३९१
- छाडा चौपाया कान्जी हाउस लागिएको संख्या आ.व २०७१/२०७२ मा १२७, २०७२/२०७३ मा ९३६ ओटा
- पसललाई कारवाही गरिएको संख्या आ.व २०७१/२०७२ मा ७ २०७२/२०७३ मा १०४ वटा
- हाल कान्जी हावसमा छाडा चौपाय रहेको संख्या आ.व ७२।७३ ***३४*** वटा ।
- कान्जी हावसबाट पशु चौपाया छुटाई लिदाको शुल्क असुलि आ.व ७२/७३ मा ३,३२,९५०/
- छाडा चौपाय नियन्त्रण गर्न नसक्नु प्रमुख चुनौती ।
  - **<u>सूचना प्रवाह</u>**
  - नगर सूचना केन्द्रको स्थापना, प्रेस सल्लाहकारको सक्रियता, पत्रकार भेटघाट कार्यक्रमको आयोजना ।
  - आर्थिक तथा प्रगति बारेको सूचना प्रकाशन तथा प्रशारण गर्ने गरेको ।
  - वेवसाईड सञ्चालन भईरहेको ।
  - SMS प्रणाली द्वारा राजनैतिक दल, पत्रकारलाई सूचना प्रवाह प्रभावकारी भएको ।
  - Audio Notice Board संचालनमा ल्याएको महत्वपूर्ण सूचनाहरु यसै नम्बरमा सुन्न सकिने १६१८०८१५२०३३८
  - उपमहानगर घोषणा भएपछि नया तथ्यांक संकलन गरि WEBSITE अपडेट गरिएको ।

**<u>लक्षित बर्ग उत्थान कार्यक्रम तथा अन्य कार्यक्रम :</u>**

- लक्षित बर्ग उत्थान कार्यक्रमका लागि दोश्रो पटक प्रश्तावना आह्वान ।
- लक्षित बर्ग उत्थान कार्यक्रम सञ्चालन ।

**नगर स्वास्थ्य केन्द्र :**

- नगर स्वस्थ केन्द्र - ५
- नगर स्वस्थ केन्द्र स्टाफ दरबन्दी
- स्टाफ नर्स -१
- अ.हे.ब. - ५
- अ.न.मी - ४
- कार्यालय सहयोगी - ५

**<u>२. सामाजिक परीक्षणका उद्धेश्यहरु :</u>**

- स्थानीय निकायलाई जनताप्रति जवाफदेहि बनाई स्थानीय निकायका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- नेपालगञ्ज उपमहानगरपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- नेपालगञ्ज उपमहानगरपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- नेपालगञ्ज उपमहानगरपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- नेपालगञ्ज उपमहानगरपालिकाको सामाजिक परिक्षण गर्ने ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।

**<u>३. सामाजिक परीक्षण अध्ययन बिधि :–</u>**

✓ सामाजिक परीक्षण समन्वय समिति गठन ।

✓ सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।

✓ अन्तवार्ता, स्थलगत अवलोकन र समूहगत छलफल ।

✓ प्रारम्भिक प्रतिबेदन तयारी ।

✓ प्रारम्भिक प्रतिबेदन प्रस्तुती तथा छलफल (समन्वय समितिसँग) ।

✓ सामाजिक परिक्षण

**(प्रारम्भिक प्रतिबेदन तयारी तथा प्रस्तुती)**

✓ अन्तिम प्रतिबेदन तयारी तथा पेश ।

**<u>४. अध्ययनको सिमा :</u>**

उपमहानगरपालिकाद्धारा सञ्चालित बिकास निर्माणका कार्य तथा सामाजिक परिचालनका कार्यहरु ।

**<u>४.१. सामाजिक परिक्षण अर्न्तगत गरिने गतिबिधिको बिस्तृतिकरण :–</u>**

✓ **सामाजिक परीक्षण समन्वय समिति गठन ।**

नेपालगञ्ज नगरपालिका बाँकेको सामाजिक परीक्षण गर्नका लागि नेपालगञ्ज नगरपालिकाले एक सामाजिक परिक्षण समन्वय समिति गठन गरेको थियो ।

✓ **सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदन तयारीका लागि नेपालगञ्ज नगरपालिकाले सञ्चालन गरेका गतिबिधिहरुले पारेको सामाजिक प्रभावको अध्ययनका लागि नेपालगञ्ज नगरपालिकाले ले प्रकाशन गरेका बुलेटिन, ब्रुसर, बार्षिक योजना पुस्तक लगाएतका सन्दर्भ सामाग्रि अध्ययन र समिक्षा गरि परीक्षणको काम शुरु गरिएको थियो ।

✓ **अन्तवार्ता, स्थलगत अवलोकन र समूह छलफल ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदन तयारीका लागि नेपालगञ्ज नगरपालिकासँग सरोकार राख्ने बिभिन्न सरोकारवालाहरुको अन्तबार्ता लिईएको थियो भने नगरपालिकाले सञ्चालन गरेका योजनाहरुको स्थालगत अवलोकन गरि बिभिन्न समूहहरुसँग समूहगत छलफल समेत गरिएको थियो ।

✓ **प्रारम्भिक प्रतिबेदन तयारी ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गर्नका लागि सहजकर्ताको समूहले प्रतिबेदन तयार पारेको थियो ।

✓ **प्रतिबेदन प्रस्तुती तथा छलफल (समन्वय समितिसँग) ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदनका बारेमा समन्वय समितिसँग छलफल गरि प्राराम्भिक प्रतिबेदनलाई थप परिमार्जन गरिएको थियो ।

✓ **सामाजिक परीक्षण**

(प्रारम्भिक प्रतिबेदन तयारी तथा प्रस्तुती)

उल्लेखित प्रकृया पूरा गरेपछि सामाजिक परिक्षण कार्यक्रम आयोजना गरिनेछ, बहुसरोकारवालाहरुको सहभागितामा सम्पन्न सो कार्यक्रममा सहजकर्ताले तयार पारेको प्रारम्भिक प्रतिबेदन सामाजिक परिक्षणमा पेश गरिएको थियो भने सो प्रतिबेदन माथि छलफल गरिएको थियो । छलफलबाट आएका सुझाबहरुलाई समेटि अन्तिम प्रतिबेदन तयार पार्ने काम समेत भएकोछ ।

✓ **अन्तिम प्रतिबेदन तयारी तथा पेश**

यसरी अन्तिम प्रतिबेदन तयार पारि सहजकर्ताको समूहले नेपालगञ्ज नगरपालिकालाई प्रतिबेदन बुझाउने काम भएकोछ ।

**सामाजिक परिक्षण गर्दा अपनाईएका प्रकृया :–**

- समूह छनौट ।
- प्रारम्भिक उद्धेश्य लेखन ।
- आफुमा भएको ज्ञानको परिक्षण ।
- अधिकारीहरुसँग सम्पर्क ।
- सहभागीहरुको चयन ।
- कार्यक्रमस्थलको व्यवस्था ।
- निमन्त्रणा बितरण ।
- सम्पर्क कायम राखिरहने ।
- अन्तिम तयारी ।
- कार्य बिभाजन ।
- सा.पको आयोजना ।
- प्रेस बिज्ञप्ती प्रकाशन ।
- मुल्यांकन, अनुगमन ।

**स्थलगत अवलोकनबाट प्राप्त तथ्यहरु :**

- नागरिक बडापत्र उचित स्थानमा भएको ।
- करको बारेमा जानकारी पार्टी भएको ।
- गुनासो पेटिकाको प्रयोग नभएको ।
- कार्यालय व्यवस्थापन नभएको ।
- सरसफाईको अभाब ।
- आयोजना, परियोजना सूचना बोर्ड सबै परियोजना स्थलमा राख्ने नगरिएको ।
- कार्यालय समयमा सबै कर्मचारीहरु आफ्नो कार्यकक्षमा नभेटिने गरिएको, शाखा प्रमुखहरुलाई भेटाउनै गाह्रो ।
- सरकारी पोषाखमा सबै कर्मचारीहरु उपस्थित नहुने गरेको ।
- नेमप्लेटको व्यवस्था, सर्बसुलभ शौचालय र व्यवस्थित पार्किंगको व्यवस्था नभएको ।

**अभिलेखिकरण/समन्वय :**

- नगरपालिकाको अभिलेखिकरण चुस्त, दुरुस्त नभएको ।
- कर्मचारी बिच, आन्तरीक शाखा, उपशाखा बिचको समन्वय, सहकार्यको कमि ।
- दक्ष जनशक्तिको खाँचो ।

**अन्तवार्ता र समूहगत छलफलबाट प्राप्त तथ्यहरु :**

- सँघ, संस्था बिचको समन्वय प्रभाबकारी नभएको ।
- बालबालिकाको क्षेत्रमा काम भएको ।

- सहकार्यको प्रयास ।
- सरसफाईमा उल्लेख्य कार्य भएको ।
- सवारी साधनहरुको उपलब्धता ।
- नयाँ भवन निर्माणको काम ढिलाई भएर भईरहेको ।
- कर्मचारी परिचालन तथा व्यवस्थापन चुस्त हुँदै गएको ।
- जीवनोपयोगी ज्ञान, सिपमा बृद्धि ।
- लक्षित समूह कार्यक्रमबाट लक्षित बर्ग कम लाभान्वित ।
- बार्षिक कार्यक्रम समयमा शुरु नहुनु ।
- **शाखा प्रमुखहरुको अन्तवार्ताबाट प्राप्त तथ्यहरु :**
- अवैध निर्माण कार्य तथा अतिक्रमण नियन्त्रण गर्न असहज ।
- खुल्ला र अवैध व्यवसाय संचालन नियन्त्रण गर्न असहज ।
- छाडा पशु व्यवस्थापन गर्न असहज ।
- दरवन्दी अनुसारको कर्माचारीको अभाव ।
- सेवाग्राहीहरुबाट शाखाहरुमार्फत काम लिनु पर्नेमा प्रमुखमुखी हुने प्रवृति छ ।
- घर बाहाल करमा बृद्धि । नगरको वडा नं १ देखि १७ सम्मको राजश्व संकलन उपमहानगर पालिकाबाट र वडा नं १८ देखि २८ सम्मको राजश्व संकलन सम्बन्धित वडाहरुबाट गर्ने गरिएको छ ।

**बर्हिगमन अभिमत संकलनबाट प्राप्त तथ्य :**

- कागजात मिलाएर गएपछि काम तुरुन्तै हुने गरेको ।
- कर्मचारीहरुको बोली र व्यवहार राम्रो भएको ।
- कार्यालय र कर्मचारी व्यवस्थापन भएको ।
- कर्मचारीहरु कार्यालयमा भेटिने गरेको ।
- **बर्हिगमन अभिमतबाट दिइएका सुझावहरु :**
- कार्यालयले प्रदान गर्ने कामलाई छिटो छरीतो गर्नुपर्ने ।
- कार्यालय निकै फोहोर भएकाले सफा राख्नुपर्ने ।
- कर्मचारीहरु दक्ष नहुदा समस्या भएकाले कर्मचारीहरुलाई तालिम दिई दक्ष बनाउनुपर्ने ।
- कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने ।
- कर्मचारीको व्यवहारमा सुधार गर्नुपर्ने ।
- बत्ती गएको बेला जेनेरेटरको व्यवस्था गर्नु पर्‍यो ।
- नक्सा पास गर्ने प्रकृया झन्झटीलो भएकाले सुधार गर्नुपर्ने ।
- खाजा खाने समयमा कर्मचरीहरु लापरवाही गर्छन १ घण्टा भन्दा बढी हराउने गर्दछन् ।
- चिनेको कर्मचारी भएमा तुरुन्तै काम हुने नत्र समय लाग्ने ।
- अपाँगता भएका व्यक्तिहरुका लागि बिशेष सुविधा नभएको ।
- जेष्ठ नागरिकका लागि छुट्टै व्यवस्था हुनुपर्ने ।

**५. बृहत छलफल कार्यक्रमको बिबरण :**

क) मिति : २०७३ कार्तिक २५ गते         ख) स्थान : स्वस्तीक कटेज सुर्खेत रोड नेपालगन्ज

ग) समय : बिहान १२:०० बजे देखि २.०० बजे सम्म

नेपालगन्ज उपमहानगरपालिकाको आर्थिक बर्ष २०७२/०७३ को सामाजिक परीक्षण अर्न्तगत आज प्रारम्भिक प्रतिबेदन प्रस्तुतीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नेपालगन्ज उपमहानगरपालिकाको आयोजना तथा बास नेपालगन्जको सहजिकरणमा सम्पन्न कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिकाले आ.ब. २०७२/०७३ मा सम्पन्न गरेका क्रियाकलापहरुको आधारमा सहजिकरण गर्ने संस्था बासले तयार पारेको प्रारम्भिक प्रतिबेदन माथि सरोकारवालाहरुले छलफल गरी आवश्यक सुझाव एबम् सल्लाह दिएका थिए । नेपालगन्ज उपमहानगरपालिकाका कार्यकारी अधिकृत गिरी राज ज्ञवालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागी विभिन्न राजनीतिक दल, बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधि, नेपालगन्ज उपमहानगरपालिकाका कर्मचारीहरु, गैससका प्रमुख तथा प्रतिनिधि र पत्रकारहरुले दिएका सुझावहरु कार्यान्वयन गरि अन्तिम प्रतिबेदन तयार गरी पेश गर्ने निष्कर्ष निकालीएको छ ।

सामाजिक परिक्षण कार्यक्रममा सहजिकरण गर्ने संस्थाका तर्फबाट सामाजिक परिक्षक तथा बासका कार्यकारी निर्देशक नमस्कार शाहलेसामाजिक परिक्षणको प्रारम्भिक प्रतिबेदन पेश गरेका थिए भने बासका मध्यपश्चिम उपाध्यक्ष छविलाल सुनारले स्वागत गरेका थिए । प्रतिबेदन माथि भएको छलफल पश्चात प्रतिबेदन माथि उठेका सुझाव तथा जिज्ञासाहरुको जवाफ प्रतिबेदक नमस्कार शाहले दिएका थिए भने कार्यक्रमको अध्यक्षता गरेका नेपालगन्ज उपमहानगरपालिकाका कार्यकारी अधिकृत गिरीराज ज्ञवालीले उपमहानगरपालिकाको बिषयमा उठेका बिषयमा आवश्यक सल्लाह सुझाव सहित कार्यक्रमको समापन गरेका थिए । बासका उपनिर्देशक हेमराज भट्टले संचालन गरेको कार्यक्रममा ५० बढिको सहभागिता थियो ।

**६. स्थानीय निकाय र बिषयगत कार्यालय/गैर सरकारी सँस्थाहरुको बिबरण :**

अनुसुची २ र ३ बमोजिमको बिबरण यसैसाथ संलग्न गरिएको छ ।

**७. सामाजिक परीक्षणबाट देखिएका नगरपालिकाका सवल पक्षहरु :**

- उपमहानगरपालिकाको आवधिक योजना तयार ।

- सार्वजनिक, निजी साझेदारी कार्यक्रम लागु ।
- एडिबि कार्यक्रम लागु ।
- शहरी गरिबी निवारण रणनीतिक योजनाको तय ।
- बालबालिका सम्बन्धि बिभिन्न कार्यक्रम संचालन भएको ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगाएतका कार्यक्रमहरु सञ्चालन भईरहेको।

**८. सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमि, कमजोरीहरु :**

- सरसफाई ।
- कार्यालय व्यवस्थापन ।
- कर्मचारी व्यवस्थापन ।
- गुनासो सुनुवाई ।
- बिकास निर्माणमा सुस्तता ।
- दक्ष जनशक्तिको अभाव ।
- समन्वय, सहकार्यको अभाव ।
- आम्दानीमा कमि ।
- सरुवा ।

**सामाजिक परीक्षणबाट देखिएका मुख्य उपलब्धीहरु :**

१. नेपाल सरकार एसयाली बैंक,नगरविकास कोष र नगरपालिकाको सह लगानीमा संचालित IUDP बाट हाल सम्म ६८ किमि पक्की सडक र ४५ किमि नाला सम्पन्न भएको

२. नगर विकास कोषको अनुदान तथा ऋण सहयोगमा सपिंग कम्प्लेक्स सहितको बसपार्क निर्माण कार्यको थालिनी भएको

३. रनितालाउ पुनर्निर्माण विकास योजना अन्तर्गत डिप बोरिंग र मिनी मनोरन्जन स्थ्ल कार्य सम्पन्न भएको

४ वडा नं२७ र २८ मा रहेको कान्ति तालको मास्टर प्लान अनुसार यसै वर्ष जगेडा कोषको ४ करोडको लागतमा रिटेनिग वालको ६७५ कार्य सम्पन्न भएको

५. वैकल्पिक उर्जा प्रवर्दन केन्द्र र यस नगरपालिकाको सहभागितामा नेपालगन्जको गणेशमान चोक देखि पुस्पालाल चोक सम्म ७० थान सौर्य सडक बती जडान भएको

६. नगरपालिका कार्यालयको नयाँ भवन निर्माण भएको

२० जना श्रमिक बालबालिकाहरुलाई कुक तालिम प्रदान

- बालविकास केन्द्र भवन निर्माण तथा मर्मत सम्भार
- CFLG Indicator Tracking
- विपन्न बालबालिकाको निस्शुल्क जन्मदर्ता,छात्रवृद्धि,विधालय सहयोग सामग्री वितरण
- २०० भन्दा बढि बालकल्ब गठन
- दृष्टिविहिन्हारूको लागि अडियो लाइवेररी स्थापना
- अपांगहरुका लागी साईकल मर्मत तालिम
- आपंग मैत्री नगर निर्देशिका २०७३ र कार्य योजना ९०७३ र ०७४० स्विकृत
- उ.म.न.पा. को त्रिवर्षीय लैंगिक समता तथा सामजिक समविशिकरण रणनीति तथा कार्य योजना स्वोकृत
- ११ वडाहरु ODF घोषणा भएको
- २ वडा पूर्ण साक्षर् घोषणा भएको
- आगामी आर्थिक बर्षको प्रार्थमिकता एवं प्रमुख नीति

१. नेपालगन्ज उपमहानगरपालिकालाई वातावरण मैत्री नगर बनाउन एक घर एक चर्पी, एक व्यक्ति एक विरुवा एक वडा एक बाल उधान बनाउने नीति लिई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

२. नगर क्षेत्रमा रहेका कम्तिमा ३ किलोमिटर सडक तथा सार्वजनिक जग्गामा बृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।

३. वैकल्पिक उर्जा प्रवर्द्धन अन्तर्गत सहरका मुख्य सडकहरुमा सौर्य सडक बत्ती जडान गरिने छ

४. नगरको उत्तर एयरपोर्ट नजिक रहेको सामुदायिक वन र खाली स्थानमा वोटानिकल गार्डेन सहितको इको टुरिजम पार्कको रुपमा विकास अध्ययन गरिनेछ ।

५. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार नेपालगन्ज उपमहानगरपालिकालाई आगामी २ वर्ष भित्र बालमैत्री उपमहानगरपालिका घोषणा गर्ने अभियान तिब्रता दिइने छ ।

## ९. सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु :

- आन्तरीक राजश्वका बिषयमा छलफल गर्नु पर्ने ।
- दक्ष जनशक्तिको बिकास गर्नु पर्ने ।
- नगर सरसफाई र फोहोर व्यवस्थापनमा निजि क्षेत्र सँग समन्वय गरी कार्यलाई तिब्रता दिनु पर्ने ।
- लक्षीत बर्ग उत्थान कार्यक्रमलाई पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्नु पर्ने ।
- सहकार्यमा काम गर्ने संस्कारको विकास गर्नु पर्ने ।
- आन्तरीक सुशासन अभिबृद्धि गर्नु पर्ने ।
- सामाजिक परिचालनको कार्यलाई प्रभाबकारी बनाउनु पर्ने ।
- कर्मचारीको व्यवस्थापन गर्नु पर्ने ।

## ९.१. सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु (थपमा) :

- दिर्घकालिन योजना तथा रणनीतिहरु बनाई नगरको बिकासमा ध्यान दिनु पर्ने ।
- आयमूलक तथा रोजगारमूलक कार्यक्रमहरु सचालन गर्नु पर्ने ।
- गैसस, अन्तराष्ट्रिय गैसस, निजी क्षेत्रसंगको समन्वय, सहकार्य बढाउनु पर्ने ।
- अनुगमन ससंयन्त्रको बिकास गर्नु पर्ने ।
- लक्षित बर्ग उत्थानका कामलाई पारदर्शि ढँगले संचालन गर्नु पर्ने ।
- जनगुनासो निवारक संयन्त्रलाई पुनः सञ्चालन गर्नु पर्ने ।
- सूचनाको हक सुनिश्चित गर्न सूचना मैत्रि कार्यालय बनाउनु पर्ने ।
- नागरिक सहायता कक्ष स्थापना गर्नु पर्ने ।
- उपमहानगरपालिकाको आफ्नै बुलेटिन प्रकाशन गर्नुका साथै रेडियो, टेलिभिजन कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- बस्ति, बस्तिमा उपमहानगरपालिका कार्यक्रम सञ्चालन गरि कार्यकारी अधिकृत बस्ति, बस्तिमा पूगि नागरिकहरुका गुनासा, सुझाव संकलन गर्ने ।
- उपमहानगरपालिकालाई सुशासनयुक्त बनाउन संकल्प प्रश्ताव पारित गर्ने ।
- मुस्कान सहितको सेवा शुरु गर्ने ।
- सेवाग्राहीहरुलाई अभिवादन तथा स्वागतको कार्य गर्ने । बिकास निर्माणका अवरोधहरु बारे कानुनी सल्लाहकार र प्रेस सल्लाहकार सक्रिय हुनु पर्ने ।
- सरसफाई शाखाका स्विपरहरुको परिचालनलाई प्रभावकारी बनाउनु पर्ने ।
- वडानम्वर १७ देखि २८ सम्मका वडाहरुमा विकास निर्माण लगाएतका कार्यहरु अन्य वडाहरु सरह हुनु पर्ने ।
- कर्मचारीको क्षमता बृद्धि हुनु पर्ने ।
- आन्तरिक आय बृद्धिमा ध्यान दिनु पर्ने ।
- राजश्व शाखामा कर्मचारी थप गर्नु पर्ने ।
- आकाशे पुल, घुम्ती शौचालयको व्यवस्था हुनु पर्ने ।
- सडक अतिक्रमण हटाउनु पर्ने ।
- सार्वजनिक शौचालय र पार्क व्यवस्थित गर्नु पर्ने ।
- निरिक्षण शाखालाई थप प्रभावकारी बनाउनु पर्ने ।
- सकारात्मक कार्यको बजारिकरण हुनुपर्ने ।

## तस्विरमा सामाजिक परिक्षण :



*बिभिन्न साझेदार संस्थाहरुसँग छलफल ।*




*प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रमका झलकहरु ।*

**प्रतिबेदक**

१. सामाजिक परीक्षकको नाम : नमस्कार शाह

२. सामाजिक परीक्षकको नाम : छविलाल सुनार

संस्थाको नाम : बागेश्वरी असल शासन क्लब (बास)

## सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरु :

- बयोम्याट्रिक हाजिरी कर्मचारीहरुको नियमितताका लागि गरिएको प्रयास हाल प्रयोग बिहिन छ ।
- पेश्की सुन्य बनाउने अभियान सञ्चालन ।
- नगर सूचना केन्द्रको स्थापना, प्रेस सल्लाहकारको सक्रियता, पत्रकार भेटघाट कार्यक्रमको आयोजना ।
- आर्थिक तथा प्रगति बारेको सूचना प्रकाशन तथा प्रशारण गर्ने गरेको ।
- वेवसाईड सञ्चालन भईरहेको ।
- SMS प्रणाली द्वारा राजनैतिक दल, पत्रकारलाई सूचना प्रवाह प्रभावकारी भएको ।
- उपमहानगर घोषणा भएपछि नया तथ्यांक संकलन गरि WEBSITE अपडेट गरिएको ।
- लक्षित बर्ग उत्थान कार्यक्रमका लागि दोश्रो पटक प्रश्तावना आह्वान ।
- लक्षित बर्ग उत्थान कार्यक्रम सञ्चालन, अवैध निर्माण कार्य तथा अतिक्रमण नियन्त्रण गर्न असहज, खुल्ला र अवैध व्यवसाय संचालन नियन्त्रण गर्न असहज ।
- छाडा पशु व्यवस्थापन गर्न असहज, दरवन्दी अनुसारको कर्माचारीको अभाव, सेवाग्राहीहरुबाट शाखाहरुमार्फत काम लिनु पर्नेमा प्रमुखमुखी हुने प्रबृति छ ।
- घर बाहाल करमा बृद्धि । नगरको वडा नं १ देखि १७ सम्मको राजश्व संकलन उपमहानगर पालिकाबाट र वडा नं १८ देखि २८ सम्मको राजश्व संकलन सम्बन्धित वडाहरुबाट गर्ने गरिएको छ ।
- राजश्व संकलन हुन कठिनाई, फोहर फाल्ने जग्गा नहुनु, ढल निकासमा समस्या, सरसफाईका लागि आवश्यक सामाग्रिको कमि, नाला  अतिक्रमण, फोहर व्यवस्थापन र उत्सर्जनमा राजश्वको व्यवस्था नहुनु, नगर क्षेत्रमा २०० बाल क्लवहरु गठन भएका छन्, खुल्ला दिशामुक्त कार्यक्रम प्रभावकारी भएको छ ।
- लक्षित समुदायको आयआर्जनकोलागि योजनाहरु संचालन भएका छन् ।
- नागरिक बडापत्र उचित स्थानमा भएको, करको बारेमा जानकारी पार्टी भएको,  गुनासो पेटिकाको प्रयोग नभएको, कार्यालय व्यवस्थापन नभएको,  सरसफाईको अभाव, आयोजना, परियोजना सूचना बोर्ड सबै परियोजना स्थलमा राख्ने नगरिएको,  कार्यालय समयमा सबै कर्मचारीहरु आफ्नो कार्यकक्षमा नभेटिने गरिएको, शाखा प्रमुखहरुलाई भेटाउनै गाह्रो,  सरकारी पोषाखमा सबै कर्मचारीहरु उपस्थित नहुने गरेको ।
- नेमप्लेटको व्यवस्था, सर्बसुलभ शौचालय र व्यवस्थित पार्किंगको व्यवस्था नभएको ।
- सँघ, संस्था बिचको समन्वय प्रभावकारी नभएको, बालबालिकाको क्षेत्रमा काम भएको ।
- सहकार्यको प्रयास, सरसफाईमा उल्लेख्य कार्य भएको, नयाँ भवन निर्माणको काम ढिलाई भएर भईरहेको, कर्मचारी परिचालन तथा व्यवस्थापन चुस्त हुँदै गएको, जीवनोपयोगी ज्ञान, सिपमा बृद्धि ।
- बार्षिक कार्यक्रम समयमा शुरु नभएको ।
- सरसफाई, कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन, गुनासो सुनुवाई, बिकास निर्माणमा सुस्तता ।
- दक्ष जनशक्तिको अभाव, समन्वय, सहकार्यको अभाव, आम्दानीमा कमि र सरुवा ।
- स्थानीयहरुको आवश्यकताका आधारमा भन्दा उपमहानगरपालिकाको ईच्छामा कार्यक्रम सञ्चालन गरेको । (वडानम्बर १४ जगतिटोल आर्यआर्जन कार्यक्रम नागरिक सचेतना केन्द्र)
- अनुगमनको कमि ।
- सामाजिक विकास शाखाद्वारा सञ्चालित कार्यक्रमहरुमा राजनीतिक दलहरुको सहभागिता नहुनु ।
- लक्षित बर्गका कार्यक्रमहरुको सघन अनुगमन नहुनु ।

- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुको क्षमता अभिबृद्धि र सशक्तिकरण गर्ने कार्यको अभाव भएको ।

**सुझावहरु :**

- सामाजिक परीक्षणका क्रममा गरिने अध्ययनहरुलाई अझ बैज्ञानिक र व्यवहारिक बनाउनु पर्ने ।
- सामाजिक परीक्षणको प्रारम्भिक प्रतिबेदनका सुझावहरु समेटेर तयार पारिने अन्तिम प्रतिबेदन बारे राजनीतिक दलहरुसँग छलफल गर्नु पर्ने ।
- आन्तरीक राजश्वका बिषयमा छलफल गर्नु पर्ने ।
- दक्ष जनशक्तिको बिकास गर्नु पर्ने ।
- नगर सरसफाई र फोहोर व्यवस्थापनमा निजि क्षेत्र सँग समन्वय गरी कार्यलाई तिब्रता दिनु पर्ने ।
- लक्षीत बर्ग उत्थान कार्यक्रमलाई पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्नु पर्ने ।
- सहकार्यमा काम गर्ने संस्कारको विकास गर्नु पर्ने ।
- आन्तरीक सुशासन अभिबृद्धि गर्नु पर्ने ।
- सामाजिक परिचालनको कार्यलाई प्रभाबकारी बनाउनु पर्ने ।
- कर्मचारीको व्यवस्थापन गर्नु पर्ने ।
- जनगुनासो निवारक संयन्त्रलाई पुनः सञ्चालन गर्नु पर्ने ।
- सूचनाको हक सुनिश्चित गर्न सूचना मैत्रि कार्यालय बनाउनु पर्ने ।
- नागरिक सहायता कक्ष स्थापना गर्नु पर्ने ।
- उपमहानगरपालिकाको आफ्नै बुलेटिन प्रकाशन गर्नुका साथै रेडियो, टेलिभिजन कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- बस्ति, बस्तिमा उपमहानगरपालिका कार्यक्रम सञ्चालन गरि कार्यकारी अधिकृत बस्ति, बस्तिमा पूगि नागरिकहरुका गुनासा, सुझाव संकलन गर्ने ।
- उपमहानगरपालिकालाई सुशासनयुक्त बनाउन संकल्प प्रश्ताव पारित गर्ने ।
- मुस्कान सहितको सेवा शुरु गर्ने ।
- सेवाग्राहीहरुलाई अभिवादन तथा स्वागतको कार्य गर्ने ।
- लक्षित वर्गका कार्यक्रमहरुको अनुगमन सघन रुपमा हुनु पर्ने ।
- सामाजिक विकास शाखाका कार्यक्रमहरुमा राजनीतिक दलहरुको सहभागिता हुनु पर्ने ।
- खुला दिशामुक्त क्षेत्र घोषणा गर्न उपमहानगरपालिका तत्परताका साथ लाग्नु पर्ने ।
- बिकास निर्माणका अवरोधहरु बारे कानुनी सल्लाहकार र प्रेस सल्लाहकार सक्रिय हुनु पर्ने ।
- सरसफाई शाखाका स्विपरहरुको परिचालनलाई प्रभावकारी बनाउनु पर्ने ।
- वडानम्बर १७ देखि २८ सम्मका वडाहरुमा विकास निर्माण लगाएतका कार्यहरु अन्य वडाहरु सरह हुनु पर्ने ।
- कर्मचारीको क्षमता बृद्धि हुनु पर्ने ।
- आन्तरिक आय बृद्धिमा ध्यान दिनु पर्ने ।
- राजश्व शाखामा कर्मचारी थप गर्नु पर्ने ।
- आकाशे पुल, घुम्ती शौचालयको व्यवस्था हुनु पर्ने ।
- सडक अतिक्रमण हटाउनु पर्ने ।
- सार्वजनिक शौचालय र पार्क व्यवस्थित गर्नु पर्ने ।
- निरिक्षण शाखालाई थप प्रभावकारी बनाउनु पर्ने ।
- सकारात्मक कार्यको बजारिकरण हुनुपर्ने ।